सरावल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

लुम्बिनी प्रदेश, नेपाल

GP3H+XM Sarawal


प.सं.०८१/०८२

च.नं.

मिति २०८१/१२/२५

**सार्वजनिक जग्गामा वृक्षारोपण/ कृषि वन स्थापनाको लागि प्रस्तावना पेश गर्ने सम्बन्धी सुचना ।**

उपरोक्त सम्बन्धमा यस सरावल गाउँपालिकाको आ.व. २०८१/८२ मा सञ्चालन भईरहेको समृद्धिको लागि वन कार्यक्रम अन्तर्गत सार्वजनिक जग्गामा वृक्षारोपणका लागि समूह/समिति/ संस्थाहरुलाई अनुदान कार्यक्रम कार्यान्वयनको लागि यस पालिकाको विभिन्न वडामा रहेका सार्वजनिक जग्गामा वृक्षारोपण तथा संरक्षण कार्यक्रममा सहभागी हुन इच्छुक समुह, धार्मिक स्थल/संघ संस्था, विद्यालय, सार्वजनिक वन उपभोक्ता समुह वा सार्वजनिक संस्थाहरूले आफुले रोप्न चाहेको बहु-उपयोगी मिश्रित प्रजातिहरु छनौट गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (मिति २०८२/०१/०९ गते सम्म) उल्लिखित कागजात संलग्न राखि यस गाउँ कार्यपालिकाको कार्यालयको वन तथा वातावरण शाखामा पेश गर्नुहुन अनुरोध छ।

**आवश्यक कागजात**

१. निवेदन (वृक्षारोपण गर्ने ईच्छुक प्रजातिहरु, संख्या र अनुमानित क्षेत्र कम्तिमा १५ कट्ठा कायम हुनु पर्ने )
२. सम्बन्धित जग्गा व्यवस्थापन गर्नका लागि (टोल विकास संस्था वा उपभोक्ता समुह वा व्यवस्थापन समूह) को निर्णयको प्रतिलिपी ।
३. सार्वजनिक विद्यालय, धार्मिक स्थल वा अन्य सार्वजनिक संस्थाको हकमा व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।

सार्वजनिक जग्गामा वृक्षारोपण गरे वापतको अनुदान रकम स्वीकृत तीन वर्षे लागत अनुमानको ५० प्रतिशतले हुन आउने परिमाण सम्बन्धित समूहलाई उपलब्ध गराईने छ। कार्य सम्पादनको आधारमा उपलब्ध गराईने यो रकम तीन वर्षमा भुक्तानी हुनेछ । वृक्षारोपण कार्यक्रमको पहिलो वर्ष ९० प्रतिशत, दोस्रो वर्ष ५ प्रतिशत र तेस्रो वर्षमा बाँकी ५ प्रतिशतले हुन आउने रकम सम्बन्धित सार्वजनिक जग्गा व्यवस्थापन समुहलाई उपलब्ध गराईने छ।

बिशाल मिश्रा
प्रमुख प्रशासकीय अधिकृत

**पुनश्चः** रेड कार्यान्वयन केन्द्रको वृक्षारोपण निर्देशिकामा विरुवा संख्या तथा अनुदानको प्रतिशतमा हेरफेर भई आएमा सोहि अनुसार हुने । विस्तृत जानकारीको लागि सरावल गाउँकार्यपालिकाको कार्यालयका वन अधिकृत श्री भुवन भण्डारी (९८६२४२०५३८) संग सम्पर्क गर्नुहुन अनुरोध छ ।